**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख २१ गते**

प्रदेश १ मा हालसम्म ७ हजार २ सय ७२ जनाको कोरोना परीक्षण भएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार वैशाख २१ गतेसम्म आरडीटीतर्फ ५ हजार ७ सय १६ जनाको नमूना परीक्षण भएको छ । त्यस्तै पीसीआर विधिबाट १ हजार ५ सय ५६ जनाको परीक्षण भएको छ । प्रदेश सरकारले निर्माण गरेका क्वारेन्टाइन बस्नेको सङ्ख्या वैशाख २१ गते सम्म २ हजार ६३ जना पुगेको छ । आइसोलेशनमा स्वास्थ्यकर्मीको निगरानीमा ३८ जना बसेका छन् । होम क्वारेन्टाइनमा ६ हजार ९ सय २५ जना बसिरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ ।

कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा खटिँदै आएका स्वास्थ्यकर्मीहरूको कोरोना परीक्षण गरिएको छ । सङ्क्रमितको उपचारमा संलग्न्न २८ जना स्वास्थ्यकर्मीको कोरोना परीक्षण गरिएको हो । कोभिड उपचार केन्द्रमा ३१ जना कोरोना भाइरस सङ्क्रमितको उपचार भइरहेको छ । उपचारमा संलग्न्न चिकित्सक टोलीसहित अन्य कर्मचारी २८ जनाको पीसीआर परीक्षण गरिएको थियो । उनीहरूको पीसीआर परीक्षणको रिपोर्ट नेगेटिभ आएको अस्पतालकी मेडिकल सुपरीटेन्डेण्ट डाक्टर संगीता मिश्राले बताउनुभयो । कोरोना भाइरस सङ्क्रिमत ३१ जनाको अवस्था सामान्य रहेको डाक्टर मिश्राले बताउनुभयो । उपचार गराइरहेका ३१ जनामध्ये १३ जनाको पुन : स्वाब परीक्षण गरिएको छ । उनीहरूको अन्तिम रिपोर्ट आउन बाँकी छ ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका अनुसार** कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रका लागि नेकपा निकट युवक सङ्गठन राष्ट्रिय युवा सङ्घ नेपाल मोरङले नमूना सङ्कलन बुथ हस्तान्तरण गरेको छ । कोराना भाइरसका शङ्कास्पद व्यक्तिको नमूना सङ्कलनका लागि सहयोग पुर्‍याउने उद्देश्यका साथ नमूना सङ्कलन बुथ हस्तान्तरण गरिएको राष्ट्रिय युवा सङ्घ नेपालका केन्द्रीय सदस्य मुकेश बुढाथोकीले जानकारी दिनुभयो । कोभिड अस्पतालमा आन्तरिक मामिला तथा कानुन मन्त्री हिक्मत कार्की र सामाजिक विकास मन्त्री जीवन घिमिरेलाई बुथ हस्तान्तरण गरिएको छ ।

नोवेल मेडिकल कलेज विराटनगरलाई आवश्यक कारबाही गर्न माग गर्दै उपभोक्ता हित संरक्षण मञ्च नेपाल विराटनगरले प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेलाई ज्ञापनपत्र बुझाएको छ । नोवेल मेडिकल कलेजले नागरिकलाई उपचार नगरी फिर्ता पठाएको घटनामा छानविन गर्न सङ्घीय र प्रदेश सरकारसँग माग गरेको छ । उदयपुर ठेगाना भएका बिरामीलाई अस्पतालले निकाल्ने काम गरेको भन्दै मञ्चले आपत्ति जनाएको छ ।बिरामीलाई अन्यत्र पठाई जोखिममा पुर्‍याएको भन्दै त्रुटीपूर्ण र अमानवीय कार्यमा संलग्न्न चिकित्सकलाई कारबाहीको दायरामा ल्याउन माग गरिएको छ । मञ्चका अध्यक्ष मीनराज ढकाल र सचिव मेघराज श्रेष्ठद्धारा वैशाख २१ गते जारी विज्ञप्तिमा निजी अस्पतालबाट बिरामीले उपचार पाउने कुराको सुनिश्चित गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ ।

नेपाल चिकित्सक सङ्घ, कोशी शाखा विराटनगरले वैशाख २१ विभिन्न अस्पलालका चिकित्सकहरूलाई परिचय झल्कने डाक्टर लेखेको ज्याकेट वितरण गरेको छ । नेपाल चिकित्सक सङ्घ र नेपाल औषधि उत्पादक सङ्घ (एपोन)ले संयुक्त रूपमा कोरोना विरूद्धको अभियानमा अग्रपंक्तिमा खटिएका चिकित्सकहरूलाई उनीहरुको पहिचान झल्कने ज्याकेट तयार गरी उपलब्ध गराएको हो । विराटनगरका अस्पतालहरूमा कार्यरत तीन सय चिकित्सकहरू ज्याकेट वितरण गरेको हो ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का वैशाख २१ गते आरडीटी परीक्षणमा एक जनाको रिपोर्ट पोजेटिभ आएको छ । वैशाख २१ गते १ सय ७७ जनाको आरडीटी गरिएकोमा एक जनाको रिपोर्ट पोजेटिभ आएको छ । बाँकी सबैको रिपोर्ट नेगेटिभ आएको छ । जिल्लामा वैशाख २१ गतेसम्म ७२ जना महिला र १ सय ६१ जना पुरूष गरी २ सय ३३ जनालाई क्वारेन्टाइनमा राखिएको छ । पीसीआर परीक्षणका लागि १६ जनाको स्वाब नमूना सङ्कलन गरी कोशी अञ्चल अस्पताल विराटनगर पठाइएको छ । जिल्लाका १९ ओटा एम्बुलेन्स र सात ओटा पिकअप तयारी अवस्थामा राखिएका छन् । लकडाउन लम्बिदै जाँदा जिल्लामा थप राहत वितरण समेत नभएकाले मजदूर तथा विपन्न वर्गका समुदायको जीवनयापनमा समस्या आएको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख २१ गते सङखुवासभाको धर्मदेवी नगरपालिकामा -२ मा साइप्रसबाट आउनु भएकी ४१ वर्षीया एक जना महिला बिरामी परेपछि स्वाब परीक्षणका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको छ । ज्वरो आउने,बान्ता,झाडापखाला लक्षण देखिएको छ । बिरामी महिलाको स्वाब परीक्षणको रिपोर्ट नआएसम्म जिल्ला अस्पपताल खाँदबारीको आइसोलेशन वार्डमा राखिने जिल्ला समन्वय समितिका उपप्रमुख अम्विका खवासले जानकारी दिनुभयो । सङ्खुवासभामा अहिलेसम्म दुई जनाको मात्र स्वाब परीक्षण भएको छ । वैशाख २१ गते कोरोना भाइरस रोकथामको लागि तयारी गरिएको धर्मदेवी नगरपालिकाको मुडेमा रहेको आइसोलेशन वार्डको इन्सेकद्वारा अनुगमन भएको छ । इन्सेक प्रतिनिधि भविन कार्कीसहित प्रदेशसभा सदस्य पदमकुमारी गुरुङ, जिल्ला समन्वय समिति उपप्रमुख अम्विका खवाससहितको टोलीले आइसोलेशन वार्डको अनुगमन गरेको हो ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार कोरोना जोखिम नियन्त्रणका लागि बाहिरबाट आएकाहरूलाई राख्न बनाइएका क्वारेन्टाइनहरू व्यवस्थित हुन नसक्दा समस्या देखिन थालेको छ । क्वारेन्टाइनहरूको उचित व्यवस्थापन हुन नसक्दा क्वारेन्टाइनमा बस्न समस्या हुन थालेको क्वारेन्टाइनमा बस्नेहरूले बताएका छन् । जिल्लामा नौ ओटै स्थानीय तहले कोरोना रोकथामका लागि आ-आफ्नो क्षेत्रमा क्वारेन्टाइन निर्माण गरेका छन् । जिल्लामा रहेका क्वारेन्टाइनहरूमा वैशााख २१ गतेसम्म २ सय ७४ जना राखिएको स्वास्थ्य कार्यालय भोजपुरका प्रमुख फणिन्द्र थापाले बताउनुभयो । अरुण गाउँपालिकाका-४ चरम्बीमा रहेको क्वारेन्टाइनमा बस्नु भएकी एक युवतीले क्वारेन्टाइनमा आवश्यक सामग्री नहुँदा आफूहरूलाई बस्न समस्या भएको बताउनुभयो । क्वारेन्टाइनमा आवासका सामग्री, खानेपानी, सेनिटाइजर लगायतका सामग्रीको अभाव खट्किएको छ ।
नेपाल दरूण दलले ४५ थान पीपीइ र ३ हजार ७ सय थान सर्जिकल मास्क नौ ओटा स्थानीय तहलाई वितरण गर्ने गरी उपलब्ध गराएको छ । दलका केन्द्रीय उपाध्यक्ष उत्तम चापागाईले जिल्ला समन्वय समिति प्रमुख लक्ष्मण खड्का, भोजपुर नगरपालिकाका मेयर कैलाश कुमार आले र प्रमुख जिल्ला अधिकारी वसन्तराज पुरीलाई संयुक्त स्वास्थ्य सामग्री उपलब्ध गराएको हो । हरेक स्थानीय तहलाई पाँच/पाँच थान पीपीइ र सोही अनुपातमा मास्क वितरण गरिने प्रमुख जिल्ला अधिकारी वसन्तराज पुरीले बताउनुभयो ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार इनरूवा नगरपालिका-२ का राम मरिकले राहत नपाएको गुनासो गर्नु भएको छ । राहतका लागि नागरिकता प्रमाणपत्रको प्रतिलिपि वडा कार्यालय र नगरपालिकामा बुझाए पनि राहत नपाएको मरिकको भनाइ छ । इनरूवा नगरपालिका - २ का वडाध्यक्ष सुरेन्द्र यादवले राहत सबैले पाएको बताउनुभयो । उहाँले रातहमा छुटेकाहरूलाई राहत वितरण गरिने बताउनुभयो । धरानमा उपमहानगरपालिकामा कालोबजारी बढेको गुनासो आएपछि उपमहानगरपालिकाले बजार अनुगमन गरेको छ । धरान उपमहानगरपालिकाले लकडाउनका कारण रोकिएका योजनाहरू सुचारू गर्ने भएको छ । जिल्ला प्रशासन कार्यालयको समन्वयमा योजना सुरू गरिएको उपप्रमुख  मञ्जु भण्डारी सुवेदीले बताउनुभयो । गढी गाउँपालिकालाई निजी तथा आवासीय विद्यालयहरूको सङ्गठन प्याब्सनले ३५ हजार रुपियाँ सहयोग गरेको छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकालका अनुसार** इलामस्थित विभिन्न संघ-संस्थाले कोरोना नियन्त्रणका लागि सरोकारवालालाई विभिन्न पाँच बुँदामा ध्यानाकर्षण गरेका छन् । विभिन्न ६ ओटा संघ-सङ्गठनले वैशाख २१ गते संयुक्त विज्ञप्ति जारी गर्दै क्वारेन्टाइनमा आधारभूत सुविधा नभएकोदेखि खाद्यान्नको मूल्य वृद्धिलगायतका विषयमा समेत ध्यानाकर्षण गरेका हुन् ।
विपन्न परिवारका लागि भइरहेको राहत वितरण अझ निरन्तर र प्रभावकारी हुनुपर्ने, क्वारेन्टाइनहरूमा स्वास्थ्य सुविधा, दीर्घरोगी र अन्यका लागि औषधोपचार गरिनुपर्ने, अन्तरदेशीय, अन्तरजिल्ला र पालिकास्तरीय समन्वयबाट मानव आउ-जाउमा एकरूपता कायम हुनुपर्नेलगायतका बुँदा विज्ञप्तिमा उल्लेख छन् । यस्तै, खाद्यवस्तुको मूल्य अस्वभाविक किसिमले बढेकाले नियन्त्रण गरिनुपर्ने, अत्यावश्यक सेवा लिन जाँदा बजारमा

भीड बढेको र कोरोना नियन्त्रण र व्यवस्थापनमा भइरहेका कामको सूचना संयन्त्र प्रभावकारी बनाउन आवश्यक रहेकामा समितिले विज्ञप्तिमार्फत् ध्यानाकर्षण गरेको छ । गैरसरकारी संस्था महासंघ, नेपाल पत्रकार महासंघ, मानवअधिकार एलायन्स, मानवअधिकार मञ्च, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह र उच्च अदालत बार एकाईले संयुक्त विज्ञप्ति जारी गरेका हुन् ।
सूर्योदय नगरपालिकाको विपद् व्यवस्थापन कोषमा सूर्योदय नगरपालिका-१४ का पदम तामाङले २१ हजार र नगरपालिका-४ का सन्तोष राईले २५ हजार रुपैयाँ नगद सहयोग गर्नुभएको छ । इलाम नगरपालिकाको आकस्मिक राहत कोषमा इलाम नगरपालिकास्थित आर्ट अफ् लिभिङले नगद १० हजार रुपैयाँ सहयोग गरेको छ । इलामका संस्थागत क्वारेन्टाइनमा वैशाख २१ गते ३३ महिलासहित १ सय ३६ जनालाई राखिएको छ । होम क्वारेन्टाइनमा १ सय १३ महिलासहित ७ सय ५१ जनालाई राखिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का शिवसताक्षी नगरपालिकामा रोकिएका तीन सय निर्माणाधिन घर र नगरका ५० ओटा आयोजना निमार्ण कार्य सुचारू गर्ने निर्णय भएको छ । प्रदेश १ को गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय झापाले निर्माण सामग्री ढुवानी र स्थायी संरचना निर्माण खुकुलो गर्न स्थानीय सरकारलाई अख्तियारी दिएको छ । ओमसाई पाथीभरा हस्पिटलले चिकित्सक, नर्स र कर्मचारी गरी १ सय ४६ जनाको एक वर्षे जीवन बीमा गरिदिएको छ । कनकाई नगरपालिकाको कोरोना राहत कोषमा नेपाली कांग्रेस कनकाई नगर समितिले एक लाख ३० हजार ४ सय ५० रुपियाँ सहयोग गरेको सचिव दुर्गा प्रसाईले जानकारी दिनुभयो । 'एकका लागि एक' अभियानमा सहारा नेपालले अर्जुनधारा नगरपालिका-१० का २५ परिवारलाई खाद्यान्न वितरण गरेको छ ।
**इन्सेक प्रदेश १ कार्यालय विराटनगर**